# बुलिङटार गाउँपालिका
## Bulingtar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

बुलिङटार, नवलपरासी (वर्दघाट सुस्ता पूर्व)
Bulingtar, Nawalparasi(East Of Bardaghat Susta)

R5PR+67 बुलिङटार
गण्डकी प्रदेश, नेपाल
Gandaki Province, Nepal

पत्र संख्या (Letter No).:-२०८०।०८१
चलानी नं (Ref No).- ९८

मितिः२०८०/०६/०८

श्री सबै वडा कार्यालय,

बुलिङटार गाउँपालिका, नवलपरासी (पूर्व)

**विषयः रोजगार आयोजना पेश गर्ने सम्वन्धमा ।**

**प्रस्तुत विषयका सम्वन्धमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत आ.व. २०७५/०७६ मिति २०७५/११/०१ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम यस बुलिङ्टार गाउँपालिकामा सञ्चालनमा रहेको सर्वविदितै छ । यसै सन्दर्भमा मिति २०७७/०७/२१ को कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७७ को दफा (४) को उपदफा (२) तथा मिति २०७९/०८/१८ मा स्वीकृत युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७९ को उपदफा (१) र (२) बमोजिम आगामी आ व २०८०/०८१ का लागि आफ्नो वडा बाट सुचिकृत भएका बेरोजगार ब्यक्तिहरुलाइ न्युनतम १०० दिनको रोजगारी प्रदान गर्नको लागि श्रममुलक आयोजना छनौट गरि वडा समितिको निर्णयको प्रतिलिपि सहित योजना सिफारिस गरि मिति २०८०/०६/१५ गते भित्र गाउँपालिकाको रोजगार सेवा केन्द्रमा आयोजनाको प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । साथै आयोजना प्रस्ताव पेश गर्दा कार्यविधिको दफा (७) बमोजिम कृषि उत्पादकत्व बढाउने खालका धेरै भन्दा धेरै रोजगारी सृजना हुने खालका बढि प्रतिफल दिने र बेरोजगार सूचिमा सूचिकृत ब्यक्तिहरलाई मात्र काममा लगाउन सकिने गरि योजना प्रस्ताव गरि सिफारिस गर्नुहुन जानकारीको लागि अनुरोध छ ।**

**नोटः कार्यविधिको दफा (४)को उपदफा (२) तथा दफा (२४) को उफदफा (१) र (२) सम्वन्धित वडाका बेरोजगार ब्यक्तिको सूचिका सूचिकृत ब्यक्तिको बिवरण तथा अनुमानित बजेट यसै साथ संलग्न छ ।**

**बोधार्थः**

**१.श्री सुचना तथा प्रविधि शाखा, सूचनालाई गाउँपालिकाको वेबसाईटमा अपलोड गरिदिनु हुन ।**

**रामचन्द्र भुषाल**
**प्रमुख प्रशासकिय अधिकृत**

"बस्न योग्य, हेर्न लायक समृद्ध बुलिङटार"

9857070107 www.bulingtarmun.gov.np info@bulingtarmun.gov.np